बारबर्दिया नगरपालिकाद्वारा प्रकाशित

बारबर्दिया राजपत्र

**भाग–२**

**खण्ड:४ संख्याः ३ मितिः २०७७/०३/०३**

कार्यपालिका निर्णय मितिः२०७७/३/३

## बारबर्दिया नगरपालकिाको लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि , २०७७

**पृष्ठभूमि**

नेपालको संविधानमा लैंगिक हिंसा विभेदको अन्त्य गने संकल्प सहित महिलालाई लैंगिक भेदभाव विना समान बंशिय हक, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक, राज्यका सवै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागि हुने लगायतका मौलिक हकको प्रत्याभूत गरी महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव तथा हिंसा जस्ता जघन्य अपराधलाई दण्डनिय बनाई पीडितलाई क्षतिपूर्ति दिलाउने र शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा विशेष अवसरहरु द्धारा लैंगिक समानता कायम गर्ने व्यवस्थाका लागि लैंगिक हिंसा निवारण कोष (सञ्चालन) दोस्रो संशोधन नियमावली २०७६ ले सवै स्थानिय तहमा स्थानिय लैंगिक हिंसा निवारण कोष स्थापना गरी लैंगिक हिंसामा परेका पिडित तथा प्रभावितहरुको तत्काल उद्धार, राहत तथा पुनस्थापना गर्ने दायित्व सिर्जना गरेको र सोहि बमोजिम यस बारबर्दिया नगरपालिकामा पनि स्थानिय लैंगिक हिंसा निवारण कोष स्थापना तथा सो कोष सञ्चालन गर्न वाञ्छनीय भएकोले बारबर्दिया नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार पारिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम “ स्थानिय लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि, २०७६ रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाले पारित गरेपछि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) “नगरपालिका” भन्नाले बारबर्दिया नगरपालिका सम्झनु पर्छ ।
(ख) “मन्त्रालय” भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।
(ग) “शाखा” भन्नाले महिला तथा बालबालिका शाखा सम्झनु पर्छ ।
(घ) “कोष” भन्नाले बुदा नं. ३ बमोजिमको स्थानिय लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्छ ।
(ङ) “पीडित” भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।
(च) “समिति” भन्नाले बुदा नं. ८ बमोजिमको गठित स्थानिय तत्काल उद्धार तथा राहत वितरण समिति सम्झनु पर्छ ।
(छ)“लैङ्गिक हिंसा” भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने सबैखाले हिंसा सम्झनु पर्छ ।

**३. कोषको स्थापना :** (१) नगरपालिकामा लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिएको छ ।
(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :-
(क) संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम,
ख) नगरपालिकाबाट कोषको लागि विनियोजित रकम,
(ग) विदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,
(घ) स्वदेशी व्यक्ति वा गैर सरकारी संघ संस्थाबाट प्राप्त रकम,
(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

**५. कोषमा रकम जम्मा गर्ने :** नगरपालिकाभित्र महिला तथा बालबालिकाको हक हितको क्षेत्रमा क्रियाशिल संघ संस्थाले वार्षिक रुपमा गर्ने खर्चको नगरपालिकाले तोके बमोजिमको प्रतिशत बराबरको रकम नघटाई जम्मा गर्नुपर्नेछ ।

**६. कोषको उपयोग :** (१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :-
(क) तत्काल उद्धार गर्न,
(ख) औषधि उपचार गर्न,
(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्स प्रदान गर्न,
(घ) कुनै व्यवसाय वा स्वरोजगारको लागि व्यवसाय स्थापना खर्च अनुदानको रुपमा प्रदान गर्न,
(ङ) पुनर्स्थापना गराउन,
(२) बुदा नं. ६.१ मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

**७. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :** (१) कोषको रकम बुदा नं. ६ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।
२) बुदा नं.७ (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिको बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

**८. स्थानिय तत्काल उद्धार तथा राहत वितरण समितिको गठन :** (१) कोषको संचालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि एक स्थानिय तत्काल उद्धार तथा राहत वितरण समिति रहनेछ ।
१) नगर उप प्रमुख - संयोजक
२) प्रमुख प्रशासकिय अधिकृत - सदस्य
३) सामाजिक बिकास समिति संयोजक - सदस्य

४) स्थानिय प्रहरी कार्यालय प्रमुख - सदस्य
५) नगरस्तरिय महिला सञ्जाल अध्यक्ष - सदस्य
६) लैंगिक हिंसाको क्षेत्रमा क्रियाशिल गैर सरकारी संघ संस्थामध्ये सञ्चालक समितिले तोकेको संस्थाको प्रतिनिधि १ जना - सदस्य
७) महिला तथा बालबालिका शाखा प्रमुख - सदस्य सचिव

**९. बुदा नं. ८ को (६) बमोजिमको सदस्यको पदावधि ३ बर्षको हुनेछ ।**

**१०. समितिको काम, कर्तव्य र अधिकार :** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-
(क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,
(ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्वन्धमा अनुगमन गर्ने गराउने,
(ग) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानीयस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
(घ)पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सिफारिस गर्ने,
(ङ) लैंगिक हिंसा सम्बन्धि काम कारवाहीको अनुगमन गर्ने गराउने,
(च) नगर भित्र घटेका लैङ्गिक हिंसा सम्वन्धी घटनाको अभिलेख अद्यावधिक गर्ने,
(छ) सीपमूलक तालिमप्राप्त पीडितलाई स्वरोजगारको लागि व्यवसाय स्थापना गर्न खर्च अनुदान प्रदान गर्ने सम्वन्धमा मापदण्ड बनाई लागू गर्ने,
(ज) नगरपालिकामा लैंगिक हिंसामा परेका महिला, किशोरी तथा बालबालिकाको तत्काल उद्धार, संरक्षण तथा व्यवस्थापन गर्न आवस्यक कार्यक्रम बनाई कार्यान्वयन गर्ने,
(झ) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,
(ञ) कोष वृद्धिको लागि श्रोतको खोजी गर्ने
(ट) लैङ्गिक हिंसा निवारण सम्वन्धी अन्य काम गर्ने वा गराउने ।

**११. समितिको बैठक र निर्णय :**
(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।
(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।
(३) समितिको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै समितिको अध्यक्षको निर्देशनमा समितिका सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।
(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।
(५) समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सञ्चालक समितिका उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।
(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिनेछ ।
(७) समितिको निर्णय सो समितिको सदस्य-सचिवले प्रमाणित गरि राख्नेछ ।
(८) समितिको बैठक सम्वन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१२. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :** (१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ :-
(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन वा एम्वुलेन्सबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना/ खाजा खर्चवापत प्रतिदिन तीन सय रुपैयाँ

र बास बस्नु पर्ने भए सो वापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन पाँच सय रुपैयाँको दरले बढीमा पाँच हजार रुपैयाँ,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना / खाजा खर्च वापत प्रति दिन तीन सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई वाहिर बस्नु परेमा बढीमा पाँच दिनको बास खर्च वापत प्रतिदिन पाँच सय रुपैया र उपचार खर्च समेत गरी बढीमा छ हजार पाँच सय रुपैया नबढ्ने गरी लागेको यथार्थ खर्च, पीडितसँग आश्रित बालबच्चा भए बालबालिकाको लागि पनि सोही दरमा खाना खर्च उपलव्ध गराईनेछ ।

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) उद्धार तथा पुनस्थापना पछि पीडितले प्राप्त गरेको सिपमा आधारित कुनै व्यवसाय स्थापना तथा सञ्चालन गर्न अनुदानको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा तीस हजार रुपैया,

(ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,

(च) लैंगिक हिंसा र यौनजन्य दुर्व्यवहारको कसूरबाट पिडितले प्रचलित कानून बमोजिम कसूरदारबाट प्राप्त गर्नुपर्ने क्षतिपूर्ति त्यस्तो कसुरदारको कुनै सम्पत्ति नभएको कारणबाट प्राप्त गर्न नसक्ने देखिई अदालतको आदेश बमोजिमको रकम पीडितलाई क्षतिपूर्ति स्वरुप भराउन लेखि आएमा सोहि बमोजिमको रकम,

(छ) सञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा पाँच हजार रुपैया ।

(२) बुदा नं. १२ (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले समितिमा निवेदन दिएमा समितिले निजले पेश गरेको आधार र प्रमाण हेरी सो व्यहोरा मनासिव देखिएमा समितिले त्यस्तो पीडितलाई दुई हजार रुपैयाँमा नवढ्ने गरी मनासिव रकम थप गरी दिन सक्नेछ ।

**१३. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :** (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई समितिमा निवेदन दिनु पर्नेछ ।

(२) बुदा नं.१३ (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने मनासिव आधार देखिएमा समितिले बुदा नं. १२ को अधिनमा रही पीडितलाई रकम उपलव्ध गराउनको लागि नगरपालिका समक्ष सिफारिस गर्नु पर्नेछ ।

(३) बुदा नं.१२ (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने मनासिव आधार नदेखिएमा समितिले सो को जानकारी निवेदकलाई गराउनु पर्नेछ ।

**१४. तत्काल रकम उपलव्ध गराउन सक्ने :** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि जलाईएको, एसिड प्रयोग गरी वा छर्किई वा त्यस्तो पदार्थले पोलेको लगायतका गम्भीर प्रकृतिका घटनाका पीडितलाई तत्काल उद्धार, औषधि उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा र समितिको तत्काल बैठक बस्ने अवस्था नरहेमा समितिका अध्यक्षले आवस्यकता र औचित्यका आधारमा मनासिव रकम कोषबाट सो पीडितलाई उपलव्ध गराउन सक्नेछ ।

(२) बुदा नं. १४ (१)  वमोजिमको अवस्था आई  समितिको अध्यक्षबाट पीडितलाई रकम उपलव्ध गराईएकोमा त्यसरी रकम उपलव्ध गराईए पछि वस्ने समितिको वैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

**१५. छुट्टै खाता खोल्नु पर्ने :** (१) कोषको लागि प्राप्त भएको रकम समितिले निर्णय गरेको स्थानिय बैंकमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ ।

(२) बुदा नं. १५(१) बमोजिमको खाताको सञ्चालन प्रमुख प्रशासकिय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**१६. कोषको लेखा र लेखा परिक्षण :** (१)कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको नियमानुसार आन्तरिक तथा अन्तिम लेखा परिक्षण गरिनेछ ।

**१७. आवर्ति (रिभल्भीङ) कोष :** यो कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा रहनेछ ।

**१८. बैठक भत्ता :** समितिका अध्यक्ष र सदस्यले सो समितिको बैठकमा भाग लिए वापत नियमानुसार तोकिए बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन् ।

**१९. निर्देशन दिन सक्ने :** (१) नगरप्रमुखले समितिको काम कारवाहीको सम्वन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्ने र दिइएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**२०.संशोधन :** कार्यपालिकाले आवस्यकता अनुसार कार्यविधिमा संशोधन तथा थपघट गर्न सक्नेछ ।

आज्ञाले

दशरथ बुढा

प्रमुख प्रशासकीय अधिकृत